मिति: २०८१/०६/१०, बैठक संख्या - ०३

आज मिति २०८१/०६/१० गते विहिबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८१/०८२ को तेश्रो गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**<u>उपस्थिति :</u>**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ..........................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........................................................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ..........................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........................................................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..........................................................................

६. का.वा. वडा अध्यक्ष : श्री विनोद योङहाङ..........................................................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..........................................................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ..........................................................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..........................................................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..........................................................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ..........................................................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ..........................................................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई..........................................................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..........................................................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा..........................................................................

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ..........................................................................

१७. कम्प्युटर अपरेटर श्री लक्ष्मी चुहान..........................................................................

१८.कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी..........................................................................

१९. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङ्देन..........................................................................

मिति: २०८१/०६/१०, बैठक संख्या - ०३

**प्रस्तावहरु:-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा।

२. सडक मर्मत संभार तथा सरसफाई सम्बन्धमा।

३. बजार अनुगमन सम्बन्धमा।

४. आर्थिक सहायता सम्बन्धमा।

५. विविध।

   क. नागरिक आरोग्य केन्द्रको सहायक कर्मचारी पारिश्रमिक सम्बन्धमा।

   ख. मृदुङ्गा झर्ना जानेबाटोको बाटोको पुल मर्मत संभार वापतको रकम भुक्तानी सम्बन्धमा।

   ग. फुटबल खेलकुद सञ्चालन सहयोग सम्बन्धमा।

   घ. भकारो सुधार कार्यक्रम सम्बन्धमा।

   ङ. करेसापोखरी निर्माण कार्यक्रम सम्बन्धमा।

   च. मासु पसल सुधार कार्यक्रम सम्बन्धमा।

   छ. "घ" वर्गको इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा।

मिति: २०८१/०६/१०, बैठक संख्या - ०३

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृत द्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**निर्णय नं. - २**

यस हिलिहाङ गाउँपालिकाभित्र वर्खायामका कारण अवरुद्ध भएका सडकहरु मर्मत सम्भार तथा सरसफाईका लागि गाउँपालिकाको विपत व्यवस्थापन कोषबाट खर्च हुने गरि पालिकाको ब्याक-हो- लोडरको प्रयोग गरि देहाय बमोजिमका वडाहरुमा Working Hour को आधारमा कार्य गर्ने/गराउने निर्णय गरियो ।

| क्र.सं. | कार्य सञ्चालन क्षेत्र | कार्य घण्टा | कैफियत |
|---|---|---|---|
| १. | १ नं वडा कार्यालय | ३० घण्टा | सातौं |
| २. | २ नं वडा कार्यालय | ४० घण्टा | आठौं |
| ३. | ३ नं वडा कार्यालय | ३० घण्टा | पाँचौ |
| ४. | ४ नं वडा कार्यालय | ३५ घण्टा | छैठौं |
| ५. | ५ नं वडा कार्यालय | ४० घण्टा | दोश्रो |
| ६. | ६ नं वडा कार्यालय | ४० घण्टा | चौथो |
| ७. | ७ नं वडा कार्यालय | ४० घण्टा | तेस्रो |
| ८. | सल्लेरी-सुभाङ-अमरपुर सडक खण्ड | ३० घण्टा | पहिलो |

पुनश्चः यस अघि कार्य सम्पन्न भएको आकस्मिक रूपमा सरसफाई गरिएको सडकहरूको भुक्तानी प्राविधिक प्रतिवेदनको आधारमा  विपत व्यवस्थापन कोषबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

मिति: २०८१/०६/१०, बैठक संख्या - ०३

**निर्णय नं. - ३**

यस हिलिहाङ गाउँपालिका क्षेत्रका बजार/पसल/व्यवसाय सञ्चालन भएका स्थानहरुमा चाडपर्वहरुलाई मध्यनजर गरी हुन सक्ने कालोबजारी नियन्त्रण गर्न, कृतिम अभाव नियन्त्रण गर्न, म्याद गुज्रेका सामाग्रीको बिक्रि बितरण रोक लगाउन तथा आम हिलिहाङबासी उपभोक्ताको हकहित संरक्षण गर्न गाउँपालिकाका उपाध्यक्ष श्री सुमित्रा उप्रेती सेडाईको नेतृत्वमा दशै अघि एक पटक बजारक्षेत्र अनुगमन गर्ने निर्णय गरियो।

**निर्णय नं. - ४**

"हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" को दफा (८) बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गरी विपन्न परिवारको तपसिलको व्यक्तिहरूलाई अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

| क्र.सं. | नामथर | ठेगाना | प्रकृति | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री वम विक्रम लिम्बु | हिलिहाङ-३ | तिम्ल्याहा बच्चा | रु. ५०,०००।- | कार्यविधि नभएको |
| २. | श्री हिमाल गिरी | हिलिहाङ-४ | देब्रे खुट्टामा समस्या | रू. १०,०००।- | कार्यविधि नभएको |
| ३. | श्री सुजन सन्यासी | हिलिहाङ -४ | टाउकोमा समस्या | रु. ५०,०००।- | कार्यविधि नभएको |
| ४. | श्री देवीमाया रिजाल | हिलिहाङ-७ | मेरुदण्डको समस्या | रु. २०,०००।- | कार्यविधि नभएको |
| ५. | श्री खुशी राई | हिलिहाङ-३ | बुबा आमा नभएको काजकिरिया खर्च | रु. ३५,०००।- | कार्यविधि नभएको |
| ६. | श्री खड्ग प्रसाद फत्रक | हिलिहाङ-६ | श्रीमतिको पाठेघरको समस्या | रु.१०,०००।- | कार्यविधि नभएको |

**निर्णय नं. - ५**

**विविध**

क. हिलिहाङ गाउँपालिका वडा नं. ६ मा सञ्चालनमा रहेको नागरिक आरोग्य केन्द्र, जोरपोखरीमा कम जनशक्ति भएको कारण सेवा प्रवाहमा समस्या भएको निवेदन प्राप्त भए बमोजिम उक्त आरोग्य केन्द्रमा सहायक कर्मचारीको रूपमा चालू आ.व. २०८१/०८२ सम्म लागू हुने गरी दैनिक डोर हाजिरीको आधारमा अर्ध दक्ष कामदार बराबरको ज्यालादारीमा १ (एक) जना कर्मचारी राखी आवश्यक कारबाही गर्न/गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

ख. हिलिहाङ गाउँपालिका स्थित वडा नं. ४ र ५ को सिमानामा पर्ने मृदुङ्गा झरना जाने बाटोको पुल मर्मत संभारको प्राविधिक प्रतिवेदनका आधारमा विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

ग. हिलिहाङ गाउँपालिका स्थित वडा नं. ७ मा अवस्थित न्यू इन्द्रेणी युवा क्लबले वडा दशैंको अवसरमा सञ्चालन गर्ने खुला नकआउट फुटबल प्रतियोगिताको लागि खेलकुद कार्यक्रम सहायताको लागि रु. ५०,०००।- (अक्षरेपी पचास हजार रुपैयाँ मात्र) बिल भरपाईको आधारमा भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

घ. आ.व. २०८१/०८२ स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार भकारो सुधार कार्यक्रम कार्यान्वयनको लागि प्रति वडामा ६ जना लाभग्राही छनौट गरी प्रति लाभग्राही रु.१५,०००।- का दरले अनुदान दिई ५०% लागत साझेदारीमा पशुपन्छी कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७९ को मापदण्ड बमोजिम कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

ङ. आ.व. २०८१/०८२ स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार करेसापोखरी निर्माण कार्यक्रम कार्यान्वयनको लागि प्रति वडामा १ जना लाभग्राही छनौट गरी प्रति लाभग्राही रु.२५,०००।- का दरले अनुदान दिई ५०% लागत साझेदारीमा पशुपन्छी कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७९ को मापदण्ड बमोजिम कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

च. आ.व. २०८१/०८२ स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार मासु पसल सुधार कार्यक्रम कार्यान्वयनको लागि प्रति वडामा १ जना लाभग्राही छनौट गरी प्रति लाभग्राही रु.२०,०००।- का दरले अनुदान दिई ५०% लागत साझेदारीमा पशुपन्छी कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७९ को मापदण्ड बमोजिम कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

छ. "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५" को दफा २(१) बमोजिम प्रकृया पूरा गरी कार्यालयमा पेश भएको "अग्रनी विल्डर्स हिलिहाङ-२, काबेली बजार" लाई "घ" वर्गको इजाजतपत्र प्रदान गर्ने।